NEW YORK STATE OF OPPORTUNITY. | **Division of Licensing Services**

New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O. BOX 22049
Albany, NY 12201-2049
सेवाग्राही सेवा: (518) 474-4429
www.dos.ny.gov

# सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर आवेदन

***शीघ्र तथा सहज प्रक्रियाका लागि, इजाजतपत्र सेवा विभागले आवेदकहरूलाई अनलाइबाट आवेदन दिन प्रोत्साहित गर्दछ। अनलाइन सेवा प्रयोग गर्नाले तपाईंको एप्लिकेसन प्रक्रिया तथा अद्यावधिकहरू छिटो हुनुका साथै, तपाईंले इजाजतपत्र प्रक्रिया अवधिभरि आफ्ना इजाजतपत्र सम्बन्धी रेकर्डहरू हेर्न र पहुँच गर्न पनि मिल्छ।***

***हाम्रो यो वेबसाइट हेर्नुहोस्: www.dos.ny.gov***

***थप जानकारीका लागि कृपया यी निर्देशनहरूको अनलाइन खण्डमा हेर्नुहोस् ।***

*आवेदन भर्नुअघि निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् । सबै क्षेत्रहरू भर्नु अनिवार्य छ; अपूर्ण आवेदनहरू फिर्ता पठाइनेछन्, तथा इजाजतपत्र प्रदान गर्नमा ढिलाई हुनेछ । आवेदन वा सहायक कागजातहरूमा कुनै कुरा छुटेमा, गलत भएमा वा पूर्ण खुलासा गर्न नसकेमा इजाजतपत्र दिन अस्वीकार गर्ने उपयुक्त कारण पनि हुन सक्दछ, वा, यदि इजाजतपत्र जारी भइसकेको छ भनेपनि इजाजतपत्र निलम्बन वा बदर हुन सक्दछ ।*

### "सौन्दर्य वृद्धि" व्यवसाय भनेको के हो?

सौन्दर्य वृद्धि व्यवसायले सामान्य व्यवसाय कानूनको धारा 27 अन्तर्गत इजाजतपत्र प्राप्त कुनैपनि वा सबै सेवाहरू (कस्मेटोलोजी, एस्थेटिक्स, नङको विशेष सीप, प्राकृतिक कपालको स्टाइलिङ वा व्याक्सिङ) प्रदान गर्दछ । तपाईंले न्यूयोर्क राज्यमा सौन्दर्य वृद्धि व्यवसाय स्वामित्वमा राख्न, नियन्त्रण गर्न वा सञ्चालन गर्न इजाजतपत्र प्राप्त गर्नुपर्छ। तपाईं एक्लो मालिक, साझेदार, शेयरधनी, अधिकारी वा स्वतन्त्र कन्ट्रयाक्टर (एरिया रेन्टर) भएपनि यो आवश्यक हुन्छ। (पृष्ठ 4 मा रेखा-चित्र हेर्नुहोस्।)

सौन्दर्य वृद्धि व्यवसाय इजाजतपत्रले तपाईंलाई सेवाग्राही सेवाहरू प्रदान गर्न अनुमति *दिदैन* । सेवा प्रदान गर्ने प्रत्येक व्यक्तिले उहाँ वा उनीको विशिष्ट क्षेत्रमा राज्य विभागद्वारा इजाजतपत्र प्राप्त गरेको हुनुपर्छ । इजाजतपत्र प्राप्त सौन्दर्य वृद्धि व्यवसायको अतिरिक्त, तपाईंले पहिले हजाम पसल इजाजतपत्र (बार्बर सप लाइसेन्स) प्राप्त नगरी आफ्नो व्यवसाय स्थानमा हजामको अभ्यास गर्न अनुमति दिन सक्नुहुँदैन (सामान्य व्यवसाय कानूनको धारा 28)। सिकारू हजामहरूलाई इजाजतपत्र प्रमुख हजामद्वारा प्रायोजन गर्नुपर्छ (इजाजतपत्र प्राप्त प्राकृतिक कपाल स्टाइलिङ होईन) र सौन्दर्य वृद्धि व्यवसायद्वारा काममा राख्न पाइदैन ।

### "एरिया रेन्टर" भनेको के हो?

एरिया रेन्टर भनेको सौन्दर्य वृद्धि व्यवसायमा काम गर्ने इजाजतपत्र प्राप्त सञ्चालक हो तर उहाँलाई भने *मालिकद्वारा काममा राखिएको होईन* । यदि तपाईं एरिया रेन्टर हो भने, तपाईं स्वतन्त्र कन्ट्रयाक्टर हो र आफ्नो सञ्चालकको इजाजतपत्रको अतिरिक्त एरिया रेन्टर इजाजतपत्र प्राप्त गरेको हुनुपर्छ। एरिया रेन्टरको इजाजतपत्रले मात्र तपाईंलाई सेवाग्राही सेवा प्रदान गर्न अनुमति *दिदैन* ।

### सौन्दर्य वृद्धि व्यवसाय तथा एरिया रेन्टर इजाजतपत्रहरूका सामान्य आवश्यकताहरू के-के हुन्?

सौन्दर्य वृद्धि व्यवसाय तथा एरिया रेन्टर आवेदकहरूले निम्न कुरा हुनु पर्दछ:

- कम्तिमा 18 वर्ष उमेरको हुनु पर्दछ;
- संघीय, राज्य तथा स्थानीय स्वास्थ्य तथा सुरक्षा कानूनहरू, नियमहरू, विनियमहरू तथा नियमावलीहरू साथै अपाङ्ग अमेरिकी ऐन (अमेरिकन्स विथ डिजेबिलिटिज एक्ट) पालना गर्नुपर्छ; **र**
- इजाजतपत्रमा उल्लेखित स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्छ वा भाडामा लिनुपर्छ ।

एक **सौन्दर्य वृद्धि व्यवसाय तथा एरिया रेन्टर**ले प्रति घटनाको लागि न्यूनतम $25,000 रकमको तथा कुल $75,000 को निष्पादन ऋणपत्र, आकस्मिक तथा व्यावसायिक ऋण बिमा नीतिहरू; **वा** त्यस रकममा सामान्य ऋण नीति कायम गर्नुपर्दछ । **तपाईंले आफ्नो आवेदन दिने समयमा आवश्यकता प्रमाण पेश गर्नु पर्दछ।** यसको अतिरिक्त, यसको प्रमाणलाई परिसरमा कायम गर्नु पर्दछ ।

**सौन्दर्य वृद्धि व्यवसाय**ले तल वर्णन गरिएको अनुसार ज्याला ऋणपत्र कायम गर्नु पर्दछ।

नङ सेवाहरूका कामदारहरू तथा अन्य प्रदायकहरू कानूनन दिनुपर्ने ज्यालाहरू निम्न हुन्:

- यदि तपाईंले नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 2 देखि 5 जना पूर्ण समय व्यक्तिहरूलाई काममा राख्नुभयो भने कम्तिमा $25,000 हुनु पर्दछ
- यदि तपाईंले नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 6 देखि 10 जना पूर्ण समय व्यक्तिहरूलाई काममा राख्नुभयो भने कम्तिमा $40,000 हुनु पर्दछ
- यदि तपाईंले नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 11 देखि 25 जना पूर्ण समय व्यक्तिहरूलाई काममा राख्नुभयो भने कम्तिमा $75,000 हुनु पर्दछ
- यदि तपाईंले नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 26 जना वा थपा पूर्ण समय व्यक्तिहरूलाई काममा राख्नुभयो भने कम्तिमा $125,000 हुनु पर्दछ ।

न्यूयोर्क राज्यको मानिसहरूको पक्षमा ऋणपत्र; आकस्मिक तथा व्यावसायिक ऋण वा सामान्य ऋण बिमा खरीद गरी; वा अघिल्लो विकल्पहरूको संयोजनले कभरेज रकम सन्तोषजनक छ भनी भनेमा ऋण कभरेज प्राप्त गर्न सकिनेछ । **तपाईंले आफ्नो आवेदन दिने समयमा यस आवश्यकताको प्रमाण प्रदान गर्नुपर्छ।** यसको अतिरिक्त, यसको प्रमाणलाई परिसरमा कायम गर्नु पर्दछ ।

### यदि मैले मेरो पसल बन्द गरेमा मैले के गर्नु पर्दछ?

तपाईंले पसल बन्द विभागलाई यसको बारेमा सूचित गर्नु पर्दछ। हाम्रो वेबसाइटबाट व्यवसाय बन्द गर्ने फाराम (DOS-1960) डाउनलोड गरी तथा हाम्रो कार्यालयमा पूर्ण गरिएको फाराम मेल गरी सौन्दर्य वृद्धि व्यवसायलाई बन्द गर्न सकिनेछ । बन्दको बारेमा सूचना दिन कुनै शुल्क लाग्दैन ।

जब पसल बन्द हुन्छ त्यसले यससँग सम्बन्धित सबै एरिया रेन्टर इजाजत पत्रहरूलाई बन्द हुनेछ; बन्द पसलसँग सम्बन्धित कुनै पनि एरिया रेन्टरले नयाँ पसल सम्बद्धमा नयाँ एरिया रेन्टर इजाजत पत्रको लागि आवेदन दिनु पर्दछ ।

तपाईंले यस अनुरोधलाई अनलाइनमा पनि पेश गर्न सक्नुहुन्छ । थप विस्तृत निर्देशनहरूका लागि अनलाइन सेक्सनमा हेर्नुहोस् ।

### यदि मैले भाडामा लिएको पसल बन्द भएमा मैले के गर्नु पर्दछ?

जब तपाईंले भाडामा लिएको सौन्दर्य वृद्धि व्यवसाय बन्द हुन्छ त्यसले तपाईंको एरिया रेन्टर इजाजतपत्रलाई रद्द गर्नेछ । तपाईंले नयाँ व्यवसायसँग सम्बद्ध हुन नयाँ एरिया रेन्टर इजाजतपत्रको लागि आवेदन दिनुपर्छ ।

तपाईंले यस अनुरोधलाई अनलाइनमा पनि पेश गर्न सक्नु हुन्छ।

### मैले कागजी आवेदनमा मेरो इमले ठेगाना किन प्रदान गर्नु पर्दछ?

तपाईंको इमेल ठेगाना तपाईंको NYS इजाजत पत्र केन्द्र खाता (एकाउन्ट) खोल्न प्रयोग गरिनेछ । अधिकांश सूचनाहरू इमेल मार्फत पठाइनेछन्। यदि तपाईंले भविष्यमा आफ्नो इमेल ठेगाना परिवर्तन गर्नुभयो भने, तपाईंले आफ्नो खातामा लग इन गरेर आफ्नो नयाँ इमेल ठेगाना अद्यावधिक गर्नु पर्नेछ ।

### लाइसेन्स्योर शुल्क, अवधि कति हुनेछ?

आवेदनको साथमा फिर्ता नहुने, $60 आवेदन शुल्क पेश गर्नु पर्दछ । इजाजतपत्रहरू पूर्ण चार वर्ष अवधिको लागि जारी गरिनेछ, प्रभावकारी मितिपछि स्वचालित रूपमा चार वर्षपछि म्याद सकिनेछ ।

### तपाईं कस्तो प्रकारको भुक्तानी स्वीकार गर्नु हुनेछ?

तपाईंले राज्य विभागको लागि भुक्तानी गर्न सकिने चेक वा मनी अर्डरमार्फत भुक्तानी गर्न सक्नु हुनेछ । तपाईंले अमेरिकन एक्सप्रेस, मास्टर कार्ड वा भिसा, क्रेडिट कार्ड अधिकार फाराम मार्फत वा अनलाइन आवेदन दिदा पनि भुक्तानी गर्न सक्नु हुनेछ । रकम नपठाउनु होस्। **आवेदन शुल्कहरू फिर्ता गरिने छैन ।** तपाईंको बैंकद्वारा फिर्ता गरिएको कुनै पनि चेकमा $20 शुल्क लाग्नेछ ।

### बाल सहायता विवरण

तपाईंका बलबालिकाहरू वा सहायता दायित्व भए वा नभए पनि सो कुरालाई परवाह नगरी न्यूयोर्क राज्यमा (साधारण दायित्व कानून) बाल सहायता विवरण अनिवार्य छ । **कुनै व्यक्तिले बाल सहायतामा चार वा सोभन्दा बढी महिना सम्मको कुनै रकम तिर्न बाँकी छ भने, उक्त व्यक्तिको व्यवसायिक, पेशागत तथा सवारी चालक इजाजतपत्र निलम्बनमा पर्न सक्दछ ।** सहायता दायित्वहरूको कानूनी प्रवर्तनलाई कुण्ठित वा निष्फल पार्ने उद्देश्यले जानीजनी झुठो लिखित विवरण पेश गर्नु दण्ड विषयक कानूनको §175.35 अन्तर्गत दण्डनीय मानिन्छ । ठगी गर्ने उद्देश्यले राज्य वा स्थानीय सरकारलाई दायर गराउनका लागि गलत साधन (दस्तावेज) प्रदान गर्नु वर्ग E को महाअपराध हो ।

## अनलाइन सेवाहरू बारे जानकारी:

**शीघ्र तथा सहज प्रक्रियाका लागि, इजाजतपत्र सेवा विभागले आवेदकहरूलाई अनलाइबाट आवेदन दिन प्रोत्साहित गर्दछ । अनलाइन सेवा प्रयोग गर्नाले तपाईंको आवेदन प्रक्रिया तथा अद्यावधिकहरू छिटो हुनुका साथै, तपाईंले इजाजतपत्र प्रक्रिया अवधिभरि आफ्नो इजाजतपत्र सम्बन्धी रेकर्डहरू हेर्न र पहुँच गर्न पनि मिल्दछ ।**

थप पूर्ण निर्देशनहरू तथा अनलाइन जानकारीको लागि http://www.dos.ny.gov/licensing/lc-faq.html मा बारम्बार सोधिने प्रश्न (FAQ) हेर्नुहोस् ।

### अनलाइनमा के-कस्ता रिपोर्टहरू र जानकारी उपलब्ध छन्?

- प्रारम्भिक आवेदन पूर्ण गर्ने
- आवेदनको स्थिति जाँच गर्ने
- तपाईंको इजाजतपत्रको नवीकरण गर्ने
- परीक्षाको समय तालिका र नतिजा हेर्ने
- इजाजतपत्रको स्थिति जाँच गर्ने
- इजाजतपत्र सम्बन्धी जानकारी संशोधन गर्ने
- प्रतिलिपि इजाजतपत्रका लागि अनुरोध गर्ने

### मैले NYS इजाजतपत्र केन्द्र (NYSLC) मा कसरी खाता दर्ता गर्ने?

NYS इजाजतपत्र केन्द्र (NYSLC) मा खाता दर्ता गराउनका लागि, तपाईं सर्वप्रथम My NY.gov मा दर्ता हुनु पर्दछ । यदि तपाईं My NY.gov मा अहिले सम्म दर्ता हुनु भएको छैन भने, हाम्रो वेबसाइट http://www.dos.ny.gov/licensing/licensecenter.html बाट DOS 'Create my Account' ('मेरो खाता सिर्जना गर्नुहोस्') लिङ्क क्लिक गर्नुहोस्, यसले तपाईंलाई My NY.gov दर्ता साइटमा ल्याउनेछ; 'I need a NY.Gov ID' ('मलाई NY.Gov ID चाहिन्छ) लाई चयन गर्नुहोस् र My NY.gov को लागि दर्ता पालना गर्नुहोस् । एकपटक तपाईं My NY.gov मा दर्ता भएपछि, My NY.gov मा तपाईंको लागि उपलब्ध विकल्पहरूबाट NYS इजाजतपत्र केन्द्र विकल्पलाई चयन गर्नुहोस् । NYS इजाजतपत्र केन्द्रमा, माथिको दायाँ हातको कुनामा रहेको 'Account Management' ('खाता व्यवस्थापन') लिङ्कमा क्लिक गर्नुहोस्। आवश्यक क्षेत्रहरू भर्नुहोस् र यो डाटा तपाईंको खाता प्रयोग गरी सिर्जना गरिने सबै नयाँ आवेदनहरूमा अग्रिम रूपमा गएर बस्नेछ (आफै भरिनेछ)। तपाईंले भरेर यो डाटा सुरक्षित (save) गरिसकेपछि, आगाडि बढ्न 'Home (घर)' ट्याबमा क्लिक गर्नुहोस्।

### यदि मसँग पहिले देखि नै My NY.gov खाता छ भने गर्नु पर्दछ?

यदि तपाईंले My NY.gov मा पहिले नै दर्ता गरि सक्नुभएको छ भने, My NY.gov मा गएर साइन इन गर्नुहोस्, त्यसपछि तपाईंलाई My NY.gov मा उपलब्ध विकल्पहरूबाट NYS इजाजतपत्र केन्द्र विकल्प चयन गर्नुहोस् । यसले तपाईंको NYS इजाजतपत्र केन्द्र खात सिर्जना गर्नेछ । NYS इजाजतपत्र प्राप्त केन्द्रमा गएर, दायाँ पट्टी माथिल्लो कुनामा रहेको 'Account Management' (खाता व्यवस्थापना)' नामक लिङ्कमा क्लिक गर्नुहोस् । आवश्यक क्षेत्रहरू भर्नुहोस् र यो डाटा तपाईंको खाता प्रयोग गरी सिर्जना गरिने सबै नयाँ आवेदनहरूमा अग्रिम रूपमा गएर बस्नेछ (आफै भरिनेछ)। तपाईंले भरेर यो डाटा सुरक्षित (save) गरिसकेपछि, आगाडि बढ्न 'Home (घर)' ट्याबमा क्लिक गर्नुहोस्।

### मैले NYS इजाजतपत्र केन्द्रमा इजाजतपत्रका लागि कसरी आवेदन दिने?

NYS इजाजतपत्र केन्द्रमा इजाजतपत्रका लागि आवेदन दिन, तपाईंले खाता सिर्जना गर्नु पर्दछ वा विद्यामान खातामा लग-इन गर्नु पर्दछ । अनलाइनमा आफ्नो इजाजतपत्रका लागि आवेदन दिन यी चरणहरूको पालना गर्नुहोस्:

- खाता दर्ता गर्नुहोस् वा आफ्नो खातामा लगइन गर्नुहोस् (माथिको "मैले NYS इजाजतपत्र केन्द्र (NYSLC) मा कसरी खाता दर्ता गर्ने" हेर्नुहोस्)
- तपाईं NYS इजाजतपत्र केन्द्रमा लग-इन भइसकेपछि, 'Home (घर)' ट्याबमा 'Apply now for a new license or permit (नयाँ लाइसेन्स वा अनुमतिको लागि अहिले आवेदन दिनुहोस)' नामक शिर्षक चयन गर्नुहोस्
- अनलाइनमा उपलब्ध आवेदन निर्देशनहरूको पालना गर्नुहोस्
- सहायक दस्तावेजहरू अपलोड गर्नुहोस्
- भुक्तानी गर्नुहोस् र पुष्टिकरण पृष्ठ छाप्नुहोस् (प्रिन्ट)

तपाईं आफ्नो खातामा लग-इन गरेर आफ्नो आवेदनको स्थिति हेर्न सक्षम हुनु हुनेछ।

### मैले अनलाइनमा अतिरिक्त इजाजतपत्र कसरी सिर्जना गर्ने?

अतिरिक्त इजाजतपत्रका लागि आवेदन दिन, आफ्नो खातामा लग-इन गर्नुहोस् र 'Manage My Licenses' नामक ट्याबमा क्लिक गर्नुहोस् र त्यसपछि 'Apply now! For a New License or Permit' नामक लिङ्क चयन गर्नुहोस् । नियम तथा शर्तहरू पढेर स्वीकार गर्नुहोस् र सिस्टमले तपाईंलाई त्यहाँबाट निर्देशित गर्नेछ ।

### मैले अनलाइनमा इजाजतपत्र कसरी नवीकरण गर्ने?

यदि तपाईंसँग पहिले कै NYS इजाजतपत्र केन्द्र खाता छ भने, तपाईंको इजाजतपत्रको म्याद सकिन तीन महिना बाँकी छँदै तपाईं इमेल मार्फत नवीकरण सूचना प्राप्त गर्नु हुनेछ। इमेलामा तपाईंको खाताको लिङ्क समावेश भएको हुन्छ । लङ्कमा क्लिक गर्नुहोस् र नवीकरण आवेदन मार्फत अगाडि पढ्नुहोस् ।

यदि तपाईंसँग पहिले कै NYS इजाजतपत्र केन्द्र खाता छैन भने, तपाईंको इजाजतपत्रको म्याद सकिन तीन महिना बाँकी छँदै तपाईं पत्र मार्फत आफ्नो नवीकरण सूचना प्राप्त गर्नु हुनेछ। यस पत्रमा NYS इजाजतपत्र केन्द्रमा काता सिर्जना गर्ने निर्देशनहरू समावेश हुनेछन्।

### अनलाइन प्रणालीका लागि मेरो प्रयोगकर्ता आइडी के हो?

जब तपाईं My NY.gov मा आफ्नो खाता सिर्जना गर्नुहुन्छ, तपाईं एउटा विषेश (अरूसँग नमिल्ने) प्रयोगकर्ता आइडी सिर्जना गर्नुहुनेछ र आफ्नो इमेल प्रयोग गर्नु हुनेछ। त्यसपछि तपाईं प्रयोगकर्ता आइडी मार्फत आफ्नो खातामा पहुँच गर्न सक्षम हुनुहुनेछ ।

### मैले कसरी मेरो अनलाइन खाता जानकारी अद्यावधिक गर्ने?

तपाईंले दुईवटा स्थानहरूमा आफ्नो अनलाइन खाता जानकारी अद्यावधिक गर्नु पर्दछ । तपाईंले आफ्नो डाटा My NY.gov र आफ्नो NYS इजाजतपत्र केन्द्र खातामा अद्यावधिक गर्न आवश्यक हुनेछ ।

My NY.gov मा, आफ्नो खाता व्यवस्थापन सम्बन्धी जानकारीका लागि FAQs हेर्नुहोस्।

आफ्नो NYS इजाजतपत्र केन्द्र खातामा लग-इन गर्नुहोस्, माथिल्लो पङ्क्तिमा तपाईं 'Manage My Licenses (मेरो लाइसेन्सहरु व्यवस्थित गर्नुहोस)' शिर्षकको एउटा लिङ्क देख्नु हुनेछ। त्यहाँबाट तपाईं सम्पर्क जानकारी परिवर्तन सम्बन्धी संशोधन गरी आफ्नो खाता जानकारी अद्यावधिक गर्न सक्नु हुनेछ।

### पसल मालिक अभिपुष्टिलाई कसरी अनलाइनमा पूर्ण गर्न सकिन्छ?

यदि पसल मालिकसँग NYS इजाजतपत्र केन्द्रमार्फत अनलाइन खाता छ भने उनीहरूले अभिपुष्टिलाई अनलाइनमा पूर्ण गर्ने निर्देशनहरू सहितको इमेल प्राप्त गर्ने छन् । यदि पसल मालिकसँग अनलाइन खाता छैन भने, एरिया रेन्टर आवेदकलाई पसल मालिक अभिपुष्टि प्रमाणपत्र अपलोड गर्नको लागि निर्देशित गरिनेछ ।

### मैले मेरो व्यवसायलाई अनलाइनमा कसरी बन्द गर्ने?

- तपाईंको व्यवसायलाई अनलाइनमा बन्द गर्न, तपाईंले पहिले आफ्नो खातामा लग-इन गर्नु पर्दछ
- 'Manage My Licenses' ('मेरो इजाजतपत्रहरूलाई व्यवस्थित गर्नुहोस्') ट्याबमा क्लिक गर्नुहोस्
- तपाईंको इजाजतपत्रहरूको सूचि प्रदर्शन हुने छन्, तपाईंले बन्द गर्न चाहनुभएको व्यवसायलाई क्लिक गर्नुहोस् र 'Amendment' ('संशोधन') लिङ्कमा क्लिक गर्नुहोस्
- 'Close Business Amendment' ('व्यवसाय संशोधन बन्द गर्नुहोस्') लाई चयन गर्नुहोस्
- निर्देशित गरिएको अनुसार आवेदन पूर्ण गर्नुहोस्
- तपाईंले आफ्नो व्यवसाय बन्द गरिएको भनी पुष्टि भएको इमेल प्राप्त गर्नु हुनेछ

### <u>गोपनीयताको सूचना</u>

### के मैले आवेदनमा आफ्नो सामाजिक सुरक्षा तथा संघीय आइडी नम्बरहरू प्रदान गर्नु आवश्यक छ?

छ, यदि तपाईंसँग सामाजिक सुरक्षा नम्बर वा संघीय आइडी नम्बर छ भने, तपाईंले यो नम्बर उपलब्ध गराउनु आवश्यक छ। यदि तपाईंसँग सामाजिक सुरक्षा नम्बर वा संघीय आइडी नम्बर छैन भने, कृपया लिखित स्पष्टीकरण दिनुहोस् ।

सबै इजाजतपत्रहरूका संघीय सामाजिक सुरक्षा नम्बर र रोजगारदाता पहिचान नम्बर सङ्कल गर्नु राज्य विभागको आवश्यकता हो । त्यस्तो व्यक्तिगत जानकारीको अनुरोध गर्ने तथा अनुरक्षण गर्ने विभागको अधिकार कर कानूनको §5 र साधारण दायित्व कानूनको §3-503 मा पाइन्छ । तपाईंले अनिवार्य रूपमा खुलासा गर्नु पर्दछ । यो जानकारी कर निर्धारण तथा वित्त विभागलाई कर विवरण पेश गर्ने कर्तव्यलाई बेवास्ता गरिरहेका वा आफ्ना कर दायित्वहरूको कम आकलन गरेका हुन सक्ने व्यक्ति, व्यवसाय र अन्यहरूलाई पहिचान गर्न र कर निर्धारण तथा वित्त आयुक्तले प्रभावमा ल्याएको करद्वारा प्रभावित व्यक्तिहरूलाई व्यापक रूपमा पहिचान गर्नमा सहायता गर्नको लागि सङ्कलन गरिएको हो । यो कर प्रसाशनका उद्देश्यहरू र कर कानूनले अधिकार प्रदान गरेको अरू उद्देश्यको लागि यसको प्रयोग गरिनेछ र यसलाई सहायताको आदेश स्थापित गर्न, संशोधन गर्न, वा प्रवर्तन गर्न सामाजिक सुरक्षा ऐनको शिर्षक IV-D अनुसार स्थापित यस राज्यका वा अन्य राज्यका बाल सहायता प्रवर्तन निकायहरू वा यसका आधिकारीक प्रतिनिधिहरूद्वारा पनि प्रयोग गरिन सक्छन्, तर यस जानकारीलाई सार्वजनिक गरिने छैन। कुनै नम्बर प्रदान नगरिएमा लिखित स्पष्टीकरण आवश्यक हुन्छ । यो जानकारीलाई प्रशासन तथा व्यवस्थापन निर्देशकद्वारा वान कमर्स प्लाजा, 99 वाशिङ्टन एभेन्यू, अल्बानी, NY 12231-0001 स्थित इजाजतपत्र जानकारी प्रणालीमा राखिनेछ ।

# सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर आवेदन

## *सौन्दर्य वृद्धि व्यवसायका आवेदकहरू*

**(सामान्य व्यवसाय कानूनको §130 ले न्यूयोर्क राज्यको व्यवसायहरूका लागि नामकरण गरिएका यन्त्रहरूलाई वर्णन गर्दछ।)**

| *यदि व्यवसाय निम्नको स्वामित्वमा छ . . .* | *त्यसपछि तपाईंले निम्न प्रविष्ट गर्नुपर्छ...* |
|---|---|
| **व्यवसाय नाम नभएको**<br>**एक व्यक्ति**<br>*(तपाईंको आफ्नो नाम तथा थर बाहेको कुनैपनि अन्य नामलाई कल्पित नाम भनिन्छ – तल हेर्नुहोस्)* | आवेदकको जानकारी **तथा** व्यवसाय जानकारीमा मालिकको व्यक्तिगत नाम भर्नु पर्दछ |
| **कल्पित नामसहितको**<br>**एक व्यक्ति**<br>*(यस मामिलामा, कल्पित व्यवसाय नामलाई व्यवसाय रहेको काउन्टीको काउन्टी क्लर्कमा दायर गर्नु पर्दछ । यदि व्यवसायलाई हालैमा खरीद गरिएको छ र समान नाम प्रयोग गर्ने हो भने, नयाँ मालिकले काउन्टी क्लर्कमा सक्सेसर-इन-इन्ट्रेस्ट (Successor-in-Interest) को रूपमा प्रमाणपत्र दायर गर्नु पर्दछ।)* | आवेदकको जानकारीमा मालिकको व्यक्तिगत नाम **तथा** व्यवसाय जानकारीमा व्यापारिक नाम भर्नु पर्दछ |
| **साझेदार**<br>*(यस मामिलामा, साझेदार व्यवसाय प्रमाणपत्रलाई व्यवसाय रहेको काउन्टीको काउन्टी क्लर्कमा दायर गर्नु पर्दछ।)* | आवेदकको जानकारीमा सामान्य साझेदारको नाम **तथा** व्यवसाय जानकारीमा साझेदारको नाम भर्नु पर्दछ *(आवेदकको जानकारीमा नामांकित व्यक्ति आवेदनमा हस्ताक्षर गर्ने व्यक्ति हुनु पर्दछ)* |
| **कर्पोरेसन**<br>*(यस मामिलामा, निगमन प्रमाणपत्रलाई राज्य विभागको कर्पोरेसन विभागमा दायर गर्नु पर्दछ।)* | आवेदकको जानकारीमा एक अधिकारीको नाम **तथा** व्यवसाय जानकारीमा कर्पोरेसनको नाम भर्नु पर्दछ *(आवेदकको जानकारीमा नामांकित व्यक्ति आवेदनमा हस्ताक्षर गर्ने व्यक्ति हुनु पर्दछ)* |
| **कल्पित नामसहितको**<br>**कर्पोरेसन**<br>*(यस मामिलामा, व्यवसायले राज्य विभागको कर्पोरेसनको विभागमा कल्पित नाम दायर गर्नु पर्दछ।)* | आवेदकको जानकारीमा एक अधिकारीको नाम **तथा** व्यवसाय जानकारीमा कल्पित नाम भर्नु पर्दछ *(आवेदकको जानकारीमा नामांकित व्यक्ति आवेदनमा हस्ताक्षर गर्ने व्यक्ति हुनु पर्दछ)* |
| **सीमित ऋण कम्पनी (Limited Liability Company)**<br>*(यस मामिलामा, संगठनको लेख राज्य विभागको कर्पोरेसनको विभागमा दायर गर्नु पर्दछ।)* | आवेदकको जानकारीमा एक अधिकारीको नाम **तथा** व्यवसाय जानकारीमा सीमित ऋण कम्पनीको नाम भर्नु पर्दछ *(आवेदकको जानकारीमा नामांकित व्यक्ति आवेदनमा हस्ताक्षर गर्ने व्यक्ति हुनु पर्दछ)* |

| FOR OFFICE USE ONLY | APPLICATION NUMBER AEB AEAR -A-____ -_______________ | FEE $60 |
|---|---|---|


New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O. BOX 22049
Albany, NY 12201-2049
सेवाग्राही सेवा: (518) 474-4429
www.dos.ny.gov


NEW YORK STATE OF OPPORTUNITY. | Division of Licensing Services

# सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर आवेदन

**यो आवेदन पूर्ण गर्नुअघि निर्देशनहरू पढ्नुहोस्। तपाईंले प्रत्येक प्रश्नको उत्तर दिनुपर्छ र प्रतिक्रियाहरूलाई मसीमा मुद्रण गर्नुपर्छ।**

**➠ मैले निम्नको रूपमा लेन्सेन्स्युरको लागि आवेदन दिदैछु (एउटामा चिन्ह लगाउनुहोस्) ☐ नयाँ व्यवसाय ☐ एरिया रेन्टर**

## आवेदक जानकारी

| नाम | थर | बीचको नाम | प्रत्यय |
|---|---|---|---|

| घर ठेगाना (स्ट्रिट नम्बर र स्ट्रिट नाम प्रदान गर्नुहोस्) | सुइट, अपार्टमेन्ट, युनिट |
|---|---|

| शहर | राज्य | Zip+4 | काउन्टी | देश |
|---|---|---|---|---|

| मेलिङ ठेगाना (यहाँ पोस्ट बक्स प्रदान गर्नुहोस्) |
|---|

| शहर | राज्य | Zip+4 | काउन्टी | देश |
|---|---|---|---|---|

| इ-मेल ठेगाना | सामाजिक सुरक्षा नम्बर | संघीय करदाता आइडी |
|---|---|---|

| जन्ममिति | घरको फोन | मोबाइल फोन | व्यवसाय फोन |
|---|---|---|---|

## व्यवसाय जानकारी

| व्यवसायको नाम |
|---|

| व्यवसाय ठेगाना (स्ट्रिट नम्बर र स्ट्रिट नाम प्रदान गर्नुहोस्) |
|---|

| शहर | राज्य | Zip+4 | काउन्टी | देश |
|---|---|---|---|---|

| व्यवसाय मेलिङ ठेगाना (यहाँ पोस्ट बक्स प्रदान गर्नुहोस्) |
|---|

| शहर | राज्य | Zip+4 | काउन्टी | देश |
|---|---|---|---|---|

# सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर आवेदन

**सबै आवेदकहरूले (नयाँ व्यवसाय तथा एरिया रेन्टर) प्रश्न 1 को उत्तर दिनुपर्छ**

1. तपाईंसँग कानूनद्वारा आवश्यक गरिएको अनुसार ऋणपत्र वा ऋण बिमा छ? ☐ छ ☐ छैन
   ➠ प्रति व्यक्तिको लागि कम्तिमा $25,000 तथा कुल $75,000 (प्रमाण पेश गर्नुहोस्)

**एरिया रेन्टरहरू प्रश्न 11 मा जानुहोस्**

**नयाँ व्यवसाय आवेदकहरूले केवल 2-5 प्रश्नहरूको उत्तर दिनुपर्छ**

**र जसको कथनमा (6-10) लागू हुन्छ**

2. तपाईंले नङको विशेष सीप सेवाहरू प्रदान गर्ने कति जना पूर्ण समय व्यक्तिहरूलाई काममा राख्नु हुनेछ? (कृपया एउटामा चिन्ह लगाउनुहोस्)
   - ☐ नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 2 भन्दा कम पूर्ण समय व्यक्तिहरू
   - ☐ नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 5 भन्दा कम पूर्ण समय व्यक्तिहरू
   - ☐ नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 6 देखि 10 पूर्ण समय व्यक्तिहरू
   - ☐ नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 11 देखि 25 पूर्ण समय व्यक्तिहरू
   - ☐ नङको विशेष सीप सेवाहरू प्रदान गर्ने 26 वा बढी पूर्ण समय व्यक्तिहरू
3. माथिको सङ्ख्यामा पूर्ण समय व्यक्तिहरूको आधार रहेर तपाईंको व्यवसायमा नङको विशेष सीप सेवाहरू प्रदान गर्ने भए, तपाईंसँग कानूनद्वारा आवश्यक गरिएको अनुसार ऋण बिमा वा ज्याला ऋणपत्रको पर्याप्त रकम छ? (प्रमाण पेश गर्नुहोस्) ☐ छ ☐ छैन
4. तपाईंले आफ्नो व्यवसायमा कस्तो प्रकारको इजाजतपत्र प्राप्त विशेष सीपहरू प्रदान गर्नु हुन्छ?
   - ☐ कस्मेटोलोजी (स्टाइलिङ तथा काट्ने, केमिकलहरू तथा रङ्ग लगाउने, इत्यादि)
   - ☐ एस्थेटिक्स
   - ☐ नङहरू
   - ☐ प्राकृतिक कपाल स्टाइलिङ
   - ☐ व्याक्सिङ
5. तल मध्ये कुन विशेष सीपहरूले तपाईंको व्यवसायद्वारा प्रदान गरिएको सेवाहरूको 50% भन्दा बढी भार बहन गर्दछ? (कृपया एउटामा चिन्ह लगाउनुहोस्)
   - ☐ कस्मेटोलोजी (स्टाइलिङ तथा काट्ने, केमिकलहरू तथा रङ्ग लगाउने, इत्यादि)
   - ☐ एस्थेटिक्स
   - ☐ नङहरू
   - ☐ प्राकृतिक कपाल स्टाइलिङ
   - ☐ व्याक्सिङ
6. म यस व्यवसायको मालिक हुँ र व्यापारिक नाम प्रमाणपत्रलाई व्यवसाय अवस्थित रहेको काउन्टी क्लर्कको कार्यालयमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ।** ☐ **गर्छु** ☐ **गर्दिन**
7. म एक साझेदारको सदस्य हुँ र साझेदारको प्रमाणपत्रलाई व्यवसाय अवस्थित रहेको काउन्टी क्लर्कको कार्यालयमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ।** ☐ **गर्छु** ☐ **गर्दिन**
8. म यस सीमित साझेदारीको साझेदार हुँ र सीमित साझेदारीको प्रमाणपत्रलाई NYS राज्य विभाग, कर्पोरेसन विभागमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ।** ☐ **गर्छु** ☐ **गर्दिन**
9. a. म यस कर्पोरेसनको कर्मचारी हुँ र न्यूयोर्क राज्य निगमन प्रमाणपत्रलाई NYS राज्य विभाग, कर्पोरेसन विभागमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर, तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ।** ☐ **गर्छु** ☐ **गर्दिन**
   b. म यस विदेशी (राज्य बाहिरको) कर्पोरेसनको कर्मचारी हुँ र व्यवसाय गर्ने अधिकारको आवेदनलाई NYS राज्य विभाग, कर्पोरेसन विभागमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर, तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ।** ☐ **गर्छु** ☐ **गर्दिन**
10. म यस सीमित ऋण कम्पनी (Limited Liability Company) को (सदस्य) (व्यवस्थापक) हुँ, र दायर गर्ने रसीदको प्रतिलिपिलाई NYS राज्य विभाग, कर्पोरेसन विभागमा दायर गरिएको छ। **यस आवेदनमा हस्ताक्षर गरेर तपाईंले यस आवश्यकताको साथमा अनुपालन प्रमाणित गर्दै हुनुहुन्छ ।** ☐ **गर्छु** ☐ **गर्दिन**

**एरिया रेन्टर आवेदकहरूले केवल 11 र 12 प्रश्नहरूको उत्तर दिनुपर्छ**

11. तपाईंको सञ्चालक *इजाजतपत्र विशिष्ट आइडी नम्बर के हो? UID #______________________________
12. तपाईंले भाडामा लिने स्थानमा रहेको व्यवसायको *इजाजतपत्र विशिष्ट आइडी नम्बर के हो? UID #_________________________________

**इजाजतपत्र विशिष्ट आइडी नम्बर इजाजतपत्रको प्रमाणपत्रको माथिल्लो बायाँ कुनामा फेला पार्न सकिन्छ।*

# सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर आवेदन

➠ यदि तपाईंले **व्यक्तिगत** वा **एक्लो मालिक** को रूपमा आवेदन दिदै हुनुहुन्छ भने, निम्न 1 र 3 बुँदाहरू पूरा गर्नुहोस् ।

➠ यदि तपाईं **कर्पोरेसन, साझेदार** वा **सीमित ऋण कम्पनी (limited liability company)** को रूपमा आवेदन दिदै हुनुहुन्छ भने, बुँदा 1 छोड्नुहोस् र सिधा बुँदा 3 मा जानुहोस् ।

➠ यदि तपाईं **एरिया रेन्टर** को रूपमा आवेदन दिदै हुनुहुन्छ भने, निम्न बुँदाहरू 1, 2 र 3 पूरा गर्नुहोस् ।

## 1. बाल सहायता विवरण

**यस आवेदनमा हस्ताक्षर गरेर,** म प्रमाणित गर्दछु कि यस आवेदनको मितिदेखि, म बच्चा सहायताको लागि भुक्तानी गर्ने दायित्वमा छैन **वा** यदि मसँग बच्चा सहायतको लागि भुक्तानी गर्ने दायित्व छ भने, म बच्चा सहायताको भुक्तानीको बचतको लागि चार वा थप महिनासम्म हुनेछैन वा मैले आय कटौती वा अदालतद्वारा स्वीकृत भुक्तानी वा पुन: भुक्तानी योजना वा पक्षहरूद्वारा स्वीकृत योजनाद्वारा भुक्तानी गर्दैछु वा मेरो बच्चा सहायता दायित्व विचाराधीन अदालत कार्यवाहीको पात्र हो वा मैले सार्वजनिक सहायता वा पूरक सुरक्षा आय प्राप्त गर्दैछु ।

## 2. एरिया रेन्टर अभिपुष्टि – *यदि तपाईंले एरिया रेन्टरको रूपमा आवेदन दिदै हुनुहुन्छ भने, व्यवसाय मालिकले तलको विषय 3 पूर्ण गर्नुपर्छ ।*

म थप स्वीकार गर्दछु कि मैले सामान्य व्यवसाय कानूनको धारा 27 को व्यवस्था र त्यहाँ प्रकाशित नियमहरू र विनियमहरू पढेको तथा बुझेको छु (19 NYCRR)। म थप प्रमाणित गर्दछु कि झुट्टो सपथको दण्ड अन्तर्गत, माथि उल्लेखित जानकारी मेरो ज्ञान तथा विश्वास अनुसार सही छन् । मैले बुझेको छु कि कुनैपनि सामग्री मिथ्या कथन भएमा इजाजतपत्र बदर वा स्थगन हुन सक्छ, यदि जारी गरिएको छ भने ।

*एरिया रेन्टरको हस्ताक्षर* ____________________ *मिति* ____________

*नाम स्पष्ट रूपमा पूर्ण लेख्नुहोस्* ____________________

## 3. व्यवसाय मालिक अभिपुष्टि – *यदि तपाईंले अर्को व्यक्तिको लागि स्थानलाई भाडामा लिदै हुनुहुन्छ वा व्यवसाय इजाजतपत्रको लागि आवेदन दिदै हुनुहुन्छ भने तल व्यवसाय मालिकको हस्ताक्षर आवश्यक हुन्छ ।*

म थप स्वीकार गर्दछु कि मैले सामान्य व्यवसाय कानूनको धारा 27 को व्यवस्था र त्यहाँ प्रकाशित नियमहरू र विनियमहरू पढेको तथा बुझेको छु (19 NYCRR)। म थप स्वीकार गर्दछु कि यदि उपयुक्त भएमा सबै कर्मचारीहरूका लागि कर्मचारीको क्षतिपूर्ति बिमा/अशक्तता लाभहरू सुरक्षित गरिएको छ । म थप प्रमाणित गर्दछु कि झुट्टो सपथको दण्ड अन्तर्गत, माथि उल्लेखित जानकारी मेरो ज्ञान तथा विश्वास अनुसार सही छन् । मैले बुझेको छु कि कुनैपनि सामग्री मिथ्या कथन भएमा इजाजतपत्र बदर वा स्थगन हुन सक्छ, यदि जारी गरिएको छ भने ।

*व्यवसाय मालिकको हस्ताक्षर* ____________________ *मिति* ____________

*नाम स्पष्ट रूपमा पूर्ण लेख्नुहोस्* ____________________

*व्यवसाय मालिकको टेलिफोन नम्बर* ____________________

*व्यवसाय मालिकको इमेल ठेगाना* ____________________

**कृपया आफ्नो आवेदन शुल्क (NYS राज्य विभागलाई भुक्तान गरिने) को साथमा कुनैपनि आवश्यक वर्णन वा कथनहरूलाई यस आवेदनमा समावेश गर्न सम्झिनुहोस् ।**

यदि तपाईं क्रेडिट कार्ड मार्फत भुक्तान गर्न चाहनुहुन्छ भने, कृपया क्रेडिट कार्ड अधिकार फाराम प्राप्त गरी पूर्ण गरेर यस आवेदनको साथमा पठाउन गर्न हाम्रो वेबसाइट www.dos.ny.gov मा हेर्नुहोस् ।

तपाईंले नवीकरण सूचनाहरू र तपाईंको इजाजतपत्रमा उपयुक्त रहेका कुनै पनि अन्य सूचनाहरू प्राप्त गर्न तपाईंले यस विभागलाई आफ्नो व्यवसाय र इमेल ठेगानामा भएको कुनैपनि परिवर्तनको बारेमा सूचित गर्नु महत्वपूर्ण हुन्छ ।